कमलानगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५

प्रमाणीकरण मिति : २०७५/१०/०७

स्थानीय राजपत्रमाप्रकाशितमिति : २०७५/१०/०८

## २०७५ सालको ऐन नं. १

प्रस्तावना:नेपालको संविधानको अनुसूची ८ र ९तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमस्थानीयतहलाई तोकिएकोअधिकार क्षेत्रभित्रकाविषयमाआवश्यककानूनबनाई प्रशासकीयकार्यविधिनियमितगर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१)बमोजिमकमलानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१.संक्षिप्तनाम, विस्तार र प्रारम्भ :(१) यो ऐनको नामकमलानगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ रहेको छ ।

(२) यो ऐनकमलानगरपालिका क्षेत्रभित्र तुरुन्तलागू हुनेछ ।

२. परिभाषा : (१) बिषयवाप्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) “ऐन”भन्नालेकमलानगरपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

(ख) “कार्यपालिका” भन्नालेकमलानगर कार्यपालिका सम्झनु पर्छ ।

(घ) “नगरपालिका”भन्नालेकमलानगरपालिकासम्झनु पर्छ ।

(ङ) “सभा”भन्नाले संविधानको धारा २२३ बमोजिमको नगरसभा सम्झनु पर्छ ।

(च) “संविधान”भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. नियमबनाउने अधिकार : (१) नेपालको संविधानतथास्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमनगरपालिकालाई तोकिएकाअधिकार क्षेत्रभित्रकाविषयमातोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधिनियमितगर्नको निमित्तकमलानगरकार्यपालिकाले आवश्यकनियमबनाउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमनियमबनाउँदा संघीय तथाप्रदेश कानूनबमोजिम स्थानीयतहको क्षेत्राधिकार भित्र पर्नेविषयमामात्रबनाउनु पर्नेछ ।

४.**निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने**:(१) संविधान, ऐन तथा यस ऐन अन्तरगतवनेको नियमावलीको अधिनमा रहीकमलानगर कार्यपालिकाले आवश्यकताअनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।